# स्थानीय राजपत्र

## भाग-१ खण्ड ७ संख्या १

## बागलुङ नगरपालिकाद्वारा प्रकाशित

साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन,
२०८०

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या १, २०८० असार १०

भाग- १

## बागलुङ नगरपालिका

## साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०८०

### प्रस्तावना

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने

सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम बागलुङ नगरपालिकाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन नगरसभाले पारित गरी स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

(३) यो ऐन बागलुङ नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "नगरपालिका" भन्नाले बागलुङ नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "कार्यक्रम" भन्नाले दफा ३ बमोजिम नगरपालिकासँग साझेदारीमा संचालन गरिने कार्यक्रम सम्झनुपर्छ ।

(ग) "लाभग्राही" भन्नाले यस ऐन बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति तथा समुदायलाई सम्झनु पर्छ ।

(घ) “प्रस्तावक” भन्नाले दफा ५ बमोजिम नगरपालिकासँग साझेदारी मा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना पेश गर्ने वा आवेदन दिने व्यक्ति, कम्पनी, फर्म, राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संस्था, सहकारी, तथा प्रचलित कानुन बमोजिम अन्य संघ संस्थालाई सम्झनुपर्छ ।

(ङ) “स्थानीय सरकार” भन्नाले बागलुङ नगरपालिकालाई सम्झनु पर्छ ।

(च) “सम्झौता” भन्नाले कार्यक्रम कार्यान्वयन गर्न दफा ८ बमोजिम  नगरपालिकाले प्रस्तावकसँग गरेको साझेदारी सम्झौता सम्झनु पर्छ ।

(छ) “साझेदारी” भन्नाले कुनै पनि कार्यक्रमको तर्जुमा, संचालन तथा व्यवस्थापनका साथै आँशिक वा पूर्ण रुपमा वित्तिय लगानी गर्ने गरी यस नगरपालिका र साझेदार बीच भएको करारीय प्रबन्ध सम्झनु पर्छ ।

(ज) “साझेदार” भन्नाले यस नगरपालिकासँग साझेदारी गरी दफा ३ बमोजिमको कार्यक्रम संचालन गर्नका लागि दफा ८ बमोजिम सम्झौता गर्ने प्रस्तावक सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधी वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) "नगरसभा" भन्नाले बागलुङ नगरपालिकाको नगरसभा सम्झनुपर्दछ ।

(च) "कार्यपालिका" भन्नाले नगरकार्यपालिका सम्झनु पर्दछ ।

## परिच्छेद २
## कार्यक्रमको पहिचान तथा स्वीकृति

### ३. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने:

(क) यस नगरपालिकासँग मिलेर अल्पकालिन तथा दिर्घकालिन समयावधिको लागि लागत तथा प्राविधिक साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ख) यस ऐन बमोजिम संचालन हुने कार्यक्रम नगरवासीको जीवनस्तरमा सुधार ल्याउने, रोजगारी सृजना गर्ने तथा गरिबी निवारण उन्मुख हुनुपर्ने छ ।

(ग) नगरपालिकाले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी भौतिक, आर्थिक तथा मानव स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गरिने छ ।

(घ) साझेदारीमा कार्यक्रम संचालन गर्नका लागि पहिचान भएका क्षेत्रहरुमा आवश्यक थप विषयगत प्राविधिक दक्षता भएका साझेदारसँग सहकार्य गर्न सकिने छ ।

(ङ) वृहत पूर्वाधार र ठुला आयोजनाको लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता गरिने छ ।

(च) साझेदारीमा संचालन गरिने कार्यक्रमको विषयगत क्षेत्रहरुको पहिचान नगरपालिकाले कार्यविधी मार्फत तय गर्नेछ ।

**४. साझेदारीमा संचालन गरिने कार्यक्रममा देहायका विशेषताहरु हुनुपर्ने छ ।**

(क) साझेदारले कम्तीमा २५ प्रतिशत लागत साझेदारी गरेको,

(ख) साझेदारलाई दिगो सामुदायिक विकास कार्यक्रम, पूर्वाधार विकास तथा मर्मत लगायतका कार्यहरु गर्ने गरी जिम्मेवारी दिईएको वा व्यवस्थापनका लागि सम्झौता भएको,

(ग) योजना तथा कार्यक्रमको कार्यान्वयन अवधि स्पष्ट भएको ।

**५. कार्यक्रम पहिचान तथा कार्यान्वयनका लागि प्रस्ताव आह्वान प्रकृयाः**

(१) नगरपालिकाले यस ऐन बमोजिम नगरसभाले स्वीकृत गरेका वा कार्यपालिकाले आवश्यकता महशुस गरेका एक वर्षीय वा दिर्घकालीन योजना तथा कार्यक्रमहरु, जसको कार्यन्वयनका लागि साझेदारको लागत तथा प्राविधिक सहयोग आवश्यकता पर्ने कार्यक्रमहरु गर्नेछ ।

(२) नगरपालिकाले स्वीकृत साझेदारी कार्यक्रम कार्यान्वयनका लागि प्रचलित कानुन बमोजिम आवश्यक विवरणहरु सहितको सार्वजनिक सूचना प्रकाशन गरी आशय पत्र आह्वान गर्नुपर्नेछ ।

(३) संक्षिप्त सूची तयार पार्ने : उप-दफा २ बमोजिम आशय पत्र प्राप्त भएपछि तोकिए बमोजिमको आधारमा मूल्यांकन गरी प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नुपर्नेछ ।

(४) प्रस्ताव आह्वान गर्नेः सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई तोकिएको ढाँचामा प्रस्ताव आह्वानको लागि सुचना प्रकाशित गर्नेछ ।

(५) प्रस्ताव आह्वानको सूचनाको ढाँचा, आवेदन पत्र तथा प्रस्तावको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(६) प्रस्ताव छनौटः पालिकाले तोकिए बमोजिमको मूल्यांकन समिति गठन गरी तोकिएको अवधिभित्र तोकिएको प्राविधिक तथा आर्थिक मूल्यांकनका आधारमा प्रस्ताव छनौट गर्नुपर्नेछ ।

## ६. कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनः

(१) नगरपालिकाले यस ऐन बमोजिम कार्यक्रमको व्यवस्थापन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नको लागि विभिन्न समिति, उप-समिति तथा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका समिति, उप-समिति तथा कार्यदलका पदाधिकारीहरुको, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) अनुदान उपलब्ध गराउन सकिने: कार्यक्रम कार्यान्वयनको क्रममा नगरपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद -३

## साझेदारी सम्झौता सम्बन्धी व्यवस्था

### ७. सम्झौता गर्ने:

(१) नगरपालिकाले दफा ५ को उपदफा (६) मा उल्लेख भएको मूल्यांकन समितिको सिफारिश बमोजिम प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी साझेदारी सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको सम्झौताको ढाँचा सम्झौता गर्ने पक्षहरुले कार्यान्वयन गर्न लागिएको कार्यक्रमको आवश्यकता अनुसार तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद-४

## साझेदारी कार्यक्रमको वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

### ८. वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

(१) यस नगरपालिकाको कार्यक्रममा टेवा पुर्याउने उद्धेश्यले साझेदारीमा आएका साझेदारहरुलाई कार्यक्रम संचालन गर्नका निम्ति तोकिए बमोजिम पेश्की उपलब्ध गराउन सकिनेछ । यसरी नगरपालिकाले साझेदारलाई कार्यक्रम संचालन गर्नको लागि पेश्की प्रदान गर्दा साझेदारले गर्ने लागत तथा प्राविधिक वा दुवै सहभागिताको स्तर र साझेदारको संलग्नताको उद्धेश्य समेतलाइ आधार लिई पेश्की उपलब्ध गराउने छ ।

(२) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन तथा बिल भर्पाइ र अन्य आबश्यक कागजातहरु सम्झौतामा तोकिए बमोजिमको ढाँचा र समयमा पेश गर्नुपर्नेछ ।

(३) साझेदारी कार्यक्रमको भुक्तानी गर्ने समय तथा प्रकृया दफा ७ अनुसार सम्पन्न गरिएको साझेदारी सम्झौता पत्रमा तोकिए बमोजिम हुनेछ ।

**९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कनः** स्थानिय सरकार संचालन ऐन दफा १५ उपदफा ४ को देहाय (ख) को (५) बमोजिम

र आबश्यकतानुसार यसै दफा ६(२) बमोजिम गठन भएका समिति, उप-समिति तथा कार्यदल वा विषेशज्ञ मार्फत पनि गराउन सकिनेछ ।

## परिच्छेद-५

## विविध

**१०. कर सम्बम्धि दाहित्व यस ऐन बमोजिमका कृयाकलाप संचालन गर्दा तिर्नु बुझाउनुपर्ने कर शुल्क वा दतुर संम्बन्धि व्यवस्था प्रचलित कानुन बमोजिम नगरपालिका र साझेदार संस्थाको हुनेछ ।**

**११. विवादको समाधानः**

(१) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा नगरपालिका र साझेदारबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट समाधान गरिने छ ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएको खण्डमा सम्झौतामा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने :** साझेदारले कार्यक्रम कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म

स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

**१३. नियम बनाउने अधिकारः** यस ऐनमा व्यवस्था भएका प्रावधानहको कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**१४. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :** यस ऐनमा व्यवस्था भएका प्रावधानको कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

**१५. संशोधन तथा हेरफेर :** यस ऐनको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

**१६. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः** यस ऐनको कार्यन्वयनमा कुनै समस्या उत्पन्न भएमा बाधा अडकाउ फुकाउने र व्याख्या गर्ने अधिकार नगरपालिकामा निहित हुनेछ ।

प्रमाणिकरण
बसन्त कुमार श्रेष्ठ
नगर प्रमुख

प्रमाणिकरण मिति : २०८०।०३।१० गते आईतवार

आज्ञाले
हरिदत्त कंडेल
प्रमुख प्रशासकीय अधिकृत